# बार्षिक नीति तथा कार्यक्रम

## आ.व. २०७७/७८

### पूर्वाधार विकास नीति

- नगर क्षेत्र भित्र बढ्दो शहरीकरणलाई व्यवस्थित तथा सुरक्षित आवास निर्माण गर्न "यस नगरपालिकाबाट भवन निर्माण आचार संहिता तथा वस्ती विकास मापदण्ड" बनाएर लागु गरिनेछ ।
- नगरपालिकाबाट तयार भएको नगर यातायात गुरु योजना अनुसार नगर क्षेत्रहरुको सडकहरुलाई यातायातको आधारमा बर्गीकरण गरि सडक क्षेत्राधिकार कायम गरि सोहि बमोजिम सडकहरुको स्तरोन्ती कार्य अगाडि बढाइने छ ।
- निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरुबाट समयावधि भित्र गुणस्तरीयता कायम गरी निर्माण कार्य सम्पन्न गरेका व्यवसायी तथा समितिहरुलाई पुरस्कृत तथा सम्मान गरिने र सोको विपरीत गर्नेलाई दण्डित गर्ने  नीति कडाइका साथ लागु गरिने छ ।
- उपभोक्ता समितिबाट संचालन हुने योजनाहरु अनिवार्य रुपमा लागत सहभागीता गराउन पक्की कामको लागि ५ प्रतिशत तथा कच्ची कामको लागि १० प्रतिशत नगद लागत सहभागिता गर्ने नीतिलाई यस बर्ष पनि निरन्तरता दिइनेछ ।
- नेपाल सरकार तथा प्रदेश सरकारको नीति समेतलाई आधार मानी यस नगरपालिका नगरवासीहरुको फुसको छानालाई विस्थापित गरि फुसको छानो मुक्त नगर वनाउन आगामी २ वर्ष भित्रमा सम्पन्न हुने गरी विशेष कार्यक्रम संचालन गर्ने नीति लाई यस वर्ष पनि निरन्तरता दिइनेछ ।
- भवन तथा शहरी विकासका लागी एकिकृत बस्ती विकासको संभावनाको अध्ययन गरि प्राथमिकतासाथ एकिकृत वस्तीहरुको निर्माण र विकास गर्दै लगिनेछ ।
- यस नगरपालिकाबाट संचालन हुने भौतिक पूर्वाधारका योजनाहरुको गुणस्तर जांच गर्नको लागि नगरपालिकामा प्राविधिक ल्याब स्थापना गरिने साथै प्राविधिकहरुलाई समयानुकुल प्रविधि मैत्री बनाउन आवश्यकता अनुसारको तालीमको व्यवस्था गरिनेछ ।

### आर्थिक विकास नीति

#### राजस्व तथा वित्तीय

- नगरपालिकालाई वुझाउनुपर्ने चालु आ.व. को व्यसाय कर, सम्पत्ती कर, भूमीकर (मालपोत) आदि वैशाख मसान्त भित्र वुझाएमा १० प्रतिशत् छुट दिने नीति लिइनेछ ।
- महिलाहरुको स्वामित्वमा रहेको घर घडेरी जग्गा र घर नक्सा पास तथा व्यापार व्यवसायमा लाग्ने कर रकममा २५ प्रतिशत् छुट दिने । व्यापार व्यवसायमा लाग्ने कर असुलीमा उद्योग वाणिज्य संघ संग सहकार्य गर्ने ।
- नगरपालिकाको स्वामित्वमा रहेको सम्पत्तिको संरक्षण गर्दै सार्वजनिक सम्पत्तिमा भएको अतिक्रमण हटाई त्यस्ता सम्पत्तिको उपयोगवाट राजश्व अभिवृद्धिमा पहल गरिनेछ ।
- आन्तरिक राजश्व अभिवृद्धिका लागि सार्वजनिक निजी साझेदारी अन्तर्गत व्यवसाय कर,पसल घर जस्ता क्षेत्रमा भएको सार्वजनिक निजी साझेदारीमा जोड दिइनेछ । नदीजन्य वस्तु तथा प्राकृतिक श्रोत साधनको संरक्षण उचित उपयोग र सदुपयोग गर्ने नीति अवलम्वन गरिनेछ ।
- नगरपालिकालाई बुझाउनु पर्ने व्यवसाय करको पुराना वांकी वक्यौता (२०७४।०७५ सम्मको) चालु आ.व. को ६ महिना भित्र वुझाउन ल्याउनेलाई वक्यौता रकमको ३० प्रतिशत तथा २ आ.व. अगाडीलाई २० प्रतिशत छुट दिने ।
- चालु आ.व. २०७६।०७७ र अगामी आ.व. २०७७।०७८ को लागि कायम गरिएको व्यवसाय कर मा कोविड १९ का कारण व्यवसायहरुमा परेको प्रभावलाई मध्येनजर गर्दै व्यवसाय करमा २० प्रतिशत छुट दिइने छ ।
- राजश्व अभिलेख प्रणालीलाई अझै सुदृढ गरी चुस्त दुरुस्त बनाउदै लगिनेछ ।
- नगरपालिकाको आम्दानी तथा खर्चको लेखांकन प्रतिवेदन तथा लेखापरीक्षणमा पारदर्शिता र जवाफदेहीता अभिवृद्धि गर्दै वित्तिय सुशासन कायम गरिनेछ ।
- वेरुजुको लगत अद्यावधिक गरि सम्परिक्षण गर्ने,वेरुजु हुन नदिने गरि आर्थिक कारोवार गर्नमा जोड दिने,वेरुजु फछ्र्यौट गरी वेरुजु न्युनिकरण गर्दै  जाने र वेरुजु फछ्र्यौट कार्यमा संलग्न कर्मचारीलाई पुरस्कृत गर्ने ।
- सुचना प्रविधिमा आधारित वित्तिय व्यवस्थापनको विकासमा जोड दिइनेछ ।
- आन्तरिक स्रोतको संभाव्यता अध्ययन गरि सो को दायरा वढाउँदै लगिनेछ । राजश्व संकलनलाई प्रभावकारी वनाउदै कर दाता मैत्री वनाइनेछ । उत्कृष्ट करदातालाई पुरस्कृत तथा सम्मान गरिनेछ । उपर्युक्त ठाउँहरुमा पार्किङ्ग शुल्क लगाउने, करका दरहरुमा समयानुकुल परिमार्जन गर्ने तथा करदाता शिक्षा कार्यक्रम आदि कार्यहरुमा नगरपालिकाको आन्तरिक श्रोत अभिवृद्धि गर्न जोड दिइनेछ ।

#### पशु विकास नीति

१. दुधमा आत्म निर्भर बनाउन उत्पादनशिल पशुहरुको लागि नश्ल सुधार, कृत्रिम गर्भाधान, पशु अहार सेवा, साना तथा मझौला डेरीहरुको सुधारका साथै दुग्ध पदार्थको व्यवसायिकरण गर्ने नीति लिइनेछ ।
२. मासु तथा अण्डामा आत्म निर्मर बनाउन बाखा पालन, कुखुरा पालन, बंगुर पालन, उन्नत नश्लका बोका वितरण गर्ने नीति लिइनेछ ।
३. पशु स्वास्थ्य सेवा सम्वन्धी औषधी उपचार सेवा, खोप सेवा परजिबी नियन्त्रण सेवा संचालन गर्ने नीति लिइनेछ ।
४. पशु उत्पादन संग सम्बन्धित व्यवसाय तथा सेवाहरुको व्यवस्थापन तथा अनुगमन निरीक्षण गरिनेछ ।
५. किसानको लागत मूल्य प्राप्तिको सुनिश्चितताको लागि पशु विमा कार्यक्रमलाई प्रोत्साहित गर्न कार्यक्रमको व्यवस्था गरिनेछ ।
६. बैदेशिक रोजगारीबाट फर्किएका/रोजगारी गुमाएका युवाहरुलाई पशु पालन प्रति प्रोत्साहित गर्ने लघु उद्यम कार्यक्रमहरु साझेदारीमा संचालन गरिनेछ ।
७. सबै विषयगत क्षेत्रका कार्यक्रमको कार्यन्वयन र समिक्षा सिफारिस रुपमा समितिगत समितिको निर्णयबाट कार्यन्वयन गरिनेछ ।

## कृषि विकास नीति

### यस नगरमा खाद्य तथा पोषणको अवस्थामा सुधार ल्याउने नीति लिइनेछ।

१. व्यवसायिक कृषिको प्रवर्द्धन गर्न कृषि खाद्य तथा नगदेवालीको उत्पादन उत्पादकत्व वृद्धि गर्ने कार्यक्रम संचालन गरिने छ।
२. आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धन, पोषणमा सुधार, कृषकहरुको आम्दानी स्तरोन्नती हुने किसिमको व्यावसायिक कृषि प्रणाली कार्यक्रम संचालनलाई प्रोत्साहन गरिने छ।
३. बाली सघनतामा वृद्धि, कृषकहरुको सीप, क्षमतामा वृद्धि, सिंचाई क्षेत्र विस्तार, खाद्य सुरक्षामा टेवा, कृषि यान्त्रिकरणमा विस्तार, रोजगारीको सृजना, खेर गईरहेको जग्गाको सदुपयोग हुने जस्ता कार्यक्रम संचालन गरिनेछ।
४. कृषि अनुसन्धानबाट सिफारीस भएका स्थानीय माटो सुहाउँदो कृषि प्रबिधि कृषक समक्ष पुऱ्याइने छ।
५. साना सिंचाई विशेष कार्यक्रमको सदुपयोगबाट खाद्य सुरक्षा एवं आत्म निर्भर वनाउने जस्ता कार्यक्रम संचालन गरिने छ।
६. तरकारी खेतीलाई विशेष प्राथमिकतामा राखि कृषिका कार्यक्रमहरु सञ्चालन गरिने छ।
७. वाली विकास तर्फ तोरी, धान, गहुँ, केराउ आदिको वीउ विजन वितरण, आधुनिक कृषि यन्त्र उपकरण वितरण तथा तालिमको व्यवस्था मिलाई व्यवसायिक खेतीको लागि प्रेरित गरिने छ।
८. वाली संरक्षणका कार्यक्रम अन्तर्गत च्याउ खेती प्रविधिको वारेमा सम्वन्धित कृषक, कृषक समूह, सहकारी, फार्म आदिमा आवद्ध रहेका सरोकारवाला कृषकहरुलाई यस प्रविधिको वारेमा तालिम सञ्चालन तथा वीउ वितरणका कार्यक्रमहरु गरि यसको व्यवसायिक खेतीमा जोड दिईनेछ।
९. वाली संरक्षणका कार्यक्रमहरु सञ्चालन गरिनेछ। माटोको पोषक तत्वको रुपमा जिंक मलको वितरण गर्ने कार्यक्रमलाई प्राथमिकता दिईने छ।
१०. व्यवसायिक रुपमा कृषिलाई अगाडी वढाउनको लागि मागमा आधारित कार्यक्रममा विशेष जोड दिईने छ।
११. सकृय तथा नविकरण गरेको कृषक समूहलाई कार्यक्रममा प्राथमिकता दिइनेछ।
१२. सुनौलो १००० दिन अन्तरगत सुरक्षित मातृ शिशु कार्यक्रम संचालन अन्तरगत तरकारी उत्पादन सम्बन्धी तालिम तथा तरकारीको वीउ वितरणमा प्राथमिकता दिइनेछ।
१३. करेशावारी व्यवस्थापन सम्बन्धी तालिममा गर्भावती तथा सुत्केरी महिलाहरुलाई विषेश प्रथमिकता दिइनेछ।
१४. वैदेशिक रोजगारीवाट फर्किएका वा रोजगार गुमाएका कृषकहरुको लागि तरकारी खेतीमा कोभिड विशेष कृषि कार्यक्रम सञ्चालन गरिनेछ।
१५. कृषि तथा पशु विमाको लागि एजेन्टको व्यवस्था मिलाउन वीमा समितिवाट सञ्चान हुने तालिममा ५० प्रतिशत वजेट व्यवस्थापन गरिनेछ।

## सहकारी नीति

- यस नगरपालिका क्षेत्र भित्र स्थापना भई संचालनमा रहेका बहुउद्देश्यीय समेतका सहकारीहरुलाई प्रवर्द्धन गर्दै लगिनेछ।
- एक वडा दुई कृषि सहकारी स्थापना गर्ने कार्यक्रमलाई प्रोत्साहन गरिनेछ।
- महिला तथा लक्षित वर्ग उन्मुख सहकारी संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि गर्न विशेष कार्यक्रम संचालन गरिने छ।
- उत्पादनमा आधारित आयआर्जन गर्ने सहकारीको स्थापनामा प्राथमिकता दिइनेछ।
- सहकारीको क्षमता विकास,संस्थागत विकास प्रचारप्रसार गोष्ठी सेमिनार तालिमका माध्यमवाट सहकारी प्रवर्द्धनमा जोड दिइनेछ।

## उद्योग तथा वाणिज्य नीति :

- यस नगरपालिकामा उद्योग ग्राम स्थापनाको लागि संभाव्य क्षेत्रको पहिचान गरी उद्योगहरुको प्रवर्द्धन गर्ने र सो का लागि आवश्यक पूर्वाधारहरुको विकास गर्न संघ, प्रदेश र नीजि क्षेत्र संग सहकार्य गर्दै जाने नीति लिईनेछ।
- कृषिमा आधारीत घरेलु तथा साना उद्योगका साथै लघू उद्यमहरुलाई विशेष प्राथमिकता दिइ कार्यक्रमहरु संचालन गरिनेछ।
- बजारको एकाधिकार र कृतिम अभावको स्थिती रहन नदिन र गुणस्तरहीन एवं म्याद नाघेका वस्तुहरुको विक्रि वितरणलाई रोक्न नापतौल तथा मुल्य मापनका नीति व्यवस्थीत गर्दै अनुगमनका माध्यमबाट प्रभावकारी कदम चालिनेछ।
- लघु उद्यम विकास कोषको स्थापना गरिनेछ। वजार अनुगमनलाई प्रभावकारी वनाइनेछ।
- यस नगरपालिका क्षेत्र भित्र रहेका युवा जनशक्तिहरुको सीप एवं दक्षता विकासका लागि सीपमुलक एवं व्यवसायिक स्वआर्जनका कार्यक्रम कार्यान्वयन गर्न प्राथमिकता दिईनेछ।

## पर्यटन तथा संस्कृति प्रवर्द्धन नीति :

- ऐतिहासिक, पुरातात्विक, पर्यटकीय, धार्मिक र संस्कृतिक स्थलहरुको संरक्षण र संवर्द्धन गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा प्रचार प्रसार गरी पहिचान गराउने नीति लिईनेछ।
- नगरपालिका भित्रका सम्भावित क्षेत्रहरुको पहिचान गरि होम स्टेको प्रर्वद्धन, सहजिकरण तथा प्रोत्साहन गर्ने नीति लिइनेछ।
- यस नगरपालिका क्षेत्रभित्र बसोवास गर्ने प्रत्येक जात, जाति एवं समुदायहरुको प्राचीनकाल देखी चल्दै आएको मौलिक संस्कृति (भाषा, भेषभुषा, चाडपर्व),साहित्यकार,कलाकार लाई संरक्षण एवं प्रवद्धन गर्दै स्थानीयका राष्ट्रिय प्रतिभाहरुलाई सम्मान गर्दै लैजाने नीति अवलम्वन गरिनेछ।
- कला र संस्कृतिको संरक्षण र संवद्धनका लागी पुस्ता हस्तान्तरण कार्यक्रम संचालन गर्न गरिने कृयाकलापहरुमा आवश्यक सहयोग गरिनेछ।
- यस क्षेत्रमा रहेका पर्यटकीय स्थलहरुको संरक्षण, संवर्द्धन,प्रचार प्रसार तथा विकासका लागि साझेदारीमा कार्यक्रमहरु संचालन गर्ने नीति अवलम्वन गरिनेछ।
- पर्यटन गुरुयोजना निर्माण गरि पर्यटकीय क्षेत्रको विकास गर्ने नीति लिइनेछ।
- पर्यटन प्रबर्धनका लागि क्षमता विकास, स्थानिय कला तथा सांस्कृतिक प्रर्वद्धन उत्सव,महोत्सव का लागि प्राथमिकताका साथ कार्यक्रम अगाडी बढाइने छ।
- अन्तर्राष्ट्रियरुपमा चर्चित, मानव निर्मित, सिमसार क्षेत्रमा सुचिकृत तथा चराको लागि अन्तर्राष्ट्रिय गन्तव्य स्थलको रुपमा रहेको जगदिशपुर तालको विकास संरक्षण र संवर्द्धनमा जोड दिइनेछ।
- नगरपालिका क्षेत्र भित्र रहेको तालहरुलाई सौन्दर्यीकरण गर्दै लैजाने नीति लिइनेछ।
- कपिलवस्तु नगरपालिकाका पुरातात्विक स्थलहरुको खोज अनुसन्धान गरि पर्यटकीय स्थलको रुपमा विकास गर्ने नीति लिइनेछ।

## अन्तराष्ट्रिय सहयोग, सहकार्य, समन्वय र सम्बन्ध विस्तार सम्बन्धी नीति

- पालिकाको समग्र विकासलाई केन्द्रमा राखी राष्ट्रिय अन्तराष्ट्रिय स्तरमा पालिकाहरु सगँ भगीनी सम्बन्ध र सरकारी गैरसकारी संघ संस्था विच संस्थागत सम्बन्ध विस्तार गरिने छ ।
- राष्ट्रिय अन्तराष्ट्रिय सरकारी गैरसरकारी संघ संस्थाको सहयोग लिने दिने र संस्थागत सम्बन्ध विस्तार गरी आर्थिक तथा प्राविधिक सहयोग लिने नीति अनुसार युरोपको लुम्बिनी गार्डेन फाउण्डेसन स्पेन र यस पालिकाको संस्थागत सम्बन्ध कायम भएको छ । अन्य निकायहरुसँग समेत सम्बन्ध विस्तार गर्ने नीति लिईनेछ ।
- पालिकाको पर्यटन, शिक्षा, खेलकुद, संस्कृति, स्वास्थ्य, कृषि लगायत एकीकृत विकासका लागि लुम्बिनी गार्डेन फाउण्डेसन स्पेन सगँको सम्बन्धलाई थप संस्थागत गरी समन्वय र सहकार्य गरिनेछ ।
- पालिकाको विकासका लागि विश्व शान्तीका दुत भगवान गौतम बुद्धसँग सम्बन्धित अन्य पालिकाहरुसँग समन्वय र सहकार्य गरिनेछ ।
- यस पालिका र नेपालको पर्यटन लगायतका क्षेत्रको विकासका लागि समन्वय र सहकार्य गर्ने उद्देश्यका साथ स्पेनको एक्स्त्रेमादुरा प्रदेशको Caceres नगरपालिकामा लुम्बिनी साँस्कृतिक नगरपालिका, यस पालिका र Caceres नगरपालिकाको सहकार्यमा लुम्बिनी गार्डेन फाउन्डेसन स्पेन द्वारा निर्माण हुन लागेको बुद्ध गार्डेनमा आवश्यक प्राविधिक तथा साँस्कृतिक सहयोग प्रदान गरिनेछ ।
- लुम्बिनी (माड्रिड सचिवालय को समन्वय कार्यालयको भूमिकालाई संस्थागत गरी प्रभावकारी बनाइनेछ ।

# श्रम तथा रोजगार नीति

कोभिड १९ (कोरोना भाइरस) को विश्वव्यापी संक्रमणको कारणवाट उत्पन्न असहज परिस्थितिका कारण विश्वनै ठुलो समस्यामा परेको कारण हाम्रो नगरपालिकालाई पनि त्यसको असर गम्भीर रुपमा पर्न गएको छ त्यसका कारणबाट विदेश र स्वदेशमै रहेका हाम्रा धेरै नगरवासीले रोजगारीको अवस्था गुमाउने कुरालाई विशेष ध्यान दिदै कपिलवस्तु नगरपालिकाले निम्न अनुसारको **श्रम तथा रोजगार नीति** अवलम्बन गर्ने कुरा जानाकारी गराउदछु ।

१) विदेशबाट फर्किएका तथा रोजगारीको खोजीमा रहेका व्यक्तिहरुमा रहेको सिपको विवरण समेत रोजगार सुचना केन्द्रमा अधावधिक गरी त्यस्तो जनशक्तिलाई स्थानिय तहभित्र उपलब्ध हुने निर्माण, सेवा व्यवसाय,उद्योग,कृषि लगायतका क्षेत्रका रोजगारदाता सँग समन्वय गरी रोजगारी प्रदान गर्न सहजीकरण गर्ने व्यवस्था मिलाइनेछ ।

२) स्थानिय स्तरमा रोजगारीको प्रवद्गनका लागी सार्वजनिक निर्माण कार्यहरुमा सम्भव भएसम्म श्रममुलक प्रविधिको प्रयोग गरी रोजगारी सिर्जनामा जोड दिने नीति लिइनेछ ।

३) स्थानिय स्तरमा रोजगारी सिर्जना गर्नका लागी संघ र प्रदेश सरकार सँग आवश्यक समन्वय गर्दै प्रधानमन्त्री रोजगार कार्यक्रम लाई थप प्रभावकारी रुपमा संचालन गरिनेछ ।

४) स्थानिय स्तरमा रोजगारी सिर्जनाका लागी निजी क्षेत्र र गैरसरकारी क्षेत्र सँग आवश्यक सहकार्य गरी थप रोजगारीको अवसर सिर्जना गरिनेछ ।

५) बेरोजगार युवा युवतिहरुका लागी रोजगारमुलक र सिपमुलक तालिमहरु संचालन गरी दक्ष र सक्षम जनशक्ति विकास गरी आन्तरीक रोजगारीको प्रवधर्न र विस्तार गर्ने नीति अबलम्बन गरिनेछ ।

६) कोभिड १९ (कोरोना भाइरस) को विश्वव्यापी संक्रमणको कारणवाट वैदेशिक रोजगारीबाट फर्किएका र वैदेसिक रोजगारीका क्रममा समस्यामा परेका युवायुवतीलाई आवश्यक सहयोग समन्वय परामर्श प्रदान गर्दै आफनै गाँउ ठाँउमा परिवार सँगै बसी काम गर्ने वातावरणको सिर्जना गरिनेछ ।

७) **कपिलवस्तु नगरपालिकाको अभियान श्रमको सम्मान** कार्यक्रम सबै वडाहरुमा संचालन गरिनेछ ।

८) रोजगार सेवा केन्द्रलाई थप व्यवस्थित रुपमा संचालन गरीनेछ ।

९) बेरोजगारहरुको ज्ञान,सिप,योग्यता,अनुभव र बजारको मागका आधारमा आवश्यक पर्ने सीप विकास तालिमको पहिचान गरी सम्बन्धित तालिम केन्द्रमा सिफारिस गरिनेछ ।

१०) बैदेशिक रोजगारमा मृत्यु हुने व्यक्तिहरुको शव विमान स्थलबाट घर सम्म पुऱ्याउन सहयोग गर्ने नीति लिइनेछ ।

## सामाजिक विकास नीति

### शिक्षा युवा तथा खेलकुद नीति
### शिक्षा तर्फ

१. सामाजिक दुरी कायम गरी विद्यालय संचालन गर्न नेपाल सरकारबाट निर्णय भएको अवस्थामा स्वास्थ्य सम्वन्धी सुरक्षाका मापदण्ड पालना गरी पठन पाठनलाई नियमित गर्न आवश्यक पुर्वाधार निर्माण गरिनेछ । साथै नोबल कोरोना भाइरसको कारणबाट विद्यार्थीहरुको मानसिकतामा पर्न गएको असर न्युनीकरण गर्न आवश्यक मनोसामाजिक परामर्शका कार्यक्रमहरु संचालन गरिनेछ ।

२. नोवेल कोरोना भाइरस (कोभिड १९) ले निम्त्याएको असहज परिस्थितिलाई मध्यनजर गर्दै शैक्षिक गतिविधिलाई नियमित गर्न बैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजिकरण तथा सरोकारवालाको विकासको लागि आवश्यक कार्यक्रम संचालन र समन्वय गरिनेछ ।

३. कपिलवस्तु नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा शिक्षक अभाव रहेको हुँदा स्वयंसेवक शिक्षक तथा बालविकास केन्द्रका सहयोगी कार्यकर्ता, शिक्षण सिकाई अनुदानमा कार्यरत शिक्षकको अनुदानलाई निरन्तरता दिने नीति लिइनेछ र साथै बिद्यार्थी संख्याको आधारमा आवश्यक शिक्षक थप गर्न सकिने छ ।

४. बाल विकास केन्द्रमा अध्यापन गराउने शिक्षिका, विद्यालयका कार्यालय सहायक तथा सहयोगी कर्मचारीलाई दिदै आएको प्रोत्साहन भत्तालाई निरन्तरता दिइनेछ ।

५. ५ देखि १२ वर्ष उमेरका सम्पुर्ण शिक्षाको मूलधारमा प्रवाहिकरण गर्न भर्ना अभियानलाई प्राथमिकताका साथ अगाडी बढाइने छ ।

६ समावेशी शिक्षाको माध्यमबाट अपांग, दलित, मुस्लिम, पिछडा वर्ग एवं गरिवीको रेखामुनि रहेका बालबालिकाहरुको पहिचान गरी शिक्षाको पहुँच पुऱ्याउने निति अवलम्वन गरिनेछ ।

७. शिक्षाको माध्यमबाट नैतिक स्वअनुशासन संस्कार सहितको आचरण निर्माण गर्नुका साथै मानवीय मूल्य मान्यता तर्फ अग्रसरताका लागि नैतिक शिक्षालाई थप प्रोत्साहित गरिनेछ ।

८. समग्र शैक्षिक गतिविधिमा सुधार एवं गुणस्तरीयता कायम गर्न सामुदायिक विद्यालयका प्र.अ. संग नतिजा सूचकमा आधारित कार्यसम्पादन सम्झौता गरिनेछ । प्र.अ. ले आफु मातहतका प्रत्येक शिक्षकसंग कार्यसम्पादन सम्झौता गर्नु पर्नेछ । कार्य सम्पादन सम्झौतालाई शिक्षकको वृति विकाससंग आवद्ध गरिनेछ ।

९. **"मलाई अघि बढ्न देउ विवाह हैन पढ्न देऊ"** भन्ने नारा सहित विभिन्न शैक्षिक कार्यक्रम संचालन गरिनेछ ।

१०. नगरलाई साक्षरता घोषणा गर्नका लागि संघ संस्थाहरुबाट तथ्यांक संकलन गरि साक्षरता घोषणा अभियानलाई तिव्रताका साथ अगाडि वढाउने साथै १५ वर्ष देखि ६० वर्ष उमेरका सबै प्रौढलाई साक्षर बनाई यस नगरलाई पूर्ण साक्षर नगर घोषणा गरिनेछ ।

११. यस नगरपालिका क्षेत्र भित्र रहेका सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधारको अवस्था अनुगमन गरी सोको प्रतिवेदनको आधारमा आवश्यक बजेट विनियोजन गर्ने नीति लिइनेछ ।

१२. नगरस्तरीय कक्षा ५ र कक्षा ८ को परीक्षालाई थप व्यवस्थित र प्रभावकारी बनाईनेछ ।

१३. सामुदायिक सिकाई केन्द्रहरुलाई व्यवस्थापकीय सुधार र शसक्तिकरण गर्नुका साथै सीपमूलक तालिम तथा सूचना केन्द्रका रुपमा विकास गर्ने ।

१४. सामुदायिक तथा संस्थागत विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारका लागि कार्यरत शिक्षकहरुको क्षमता विकासका कार्यक्रमहरु अगाडी बढाइनेछ ।

१५. नगरपालिका भित्रका सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरु मध्ये कक्षा ८ र SEE परीक्षामा उत्कृष्ट GPA ल्याएका ३ जना छात्रा तथा ३ जना छात्र गरि १२ जना विद्यार्थीहरुको लागि सम्मान कार्यक्रमको आयोजना गरि प्रोत्साहन स्वरुप प्रशंसापत्र उपलब्ध गराइनेछ ।

१६. प्रधानाध्यापकहरुको आवश्यता अनुसार, बालविकासका शिक्षकहरुको त्रैमासिक रुपमा तथा मदरसाहरुको अर्धवार्षिक रुपमा समिक्षा बैठक गरिनेछ ।

१७. विद्यालयहरुमा शैक्षिक व्यवस्थापन सूचना प्रणाली र लेखा व्यवस्थापनका लागि तालिम संचालन गरिनेछ ।

१८. विद्यालयको पठन पाठनको सुदृढीकरण लगायत समग्र शैक्षिक व्यवस्थापनमा सुधार ल्याउनका लागि कार्यान्वियन योग्य विद्यालय सुधार योजना निर्माणको लागि वि.व्य.स , शि.अ.संघ , प्र.अ.को क्षमता विकास गर्ने नीति लिइनेछ ।

१९. विद्यालय खाजा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२०. विद्यालयहरुलाई वार्षिक कार्यतालिका निर्माण गर्नुका साथै सबै विद्यालयहरुको शैक्षिक कार्यक्रममा एकरुपता ल्याउनका लागि शैक्षिक क्यालेण्डर प्रकाशनलाई निरन्तरता दिइनेछ ।

२१ नगरपालिका भित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरुमा अध्यापन गर्ने शिक्षक, शिक्षिका तथा कर्मचारीहरुको क्षमता विकासका लागि आवश्यक तालिमको आयोजना गरिनेछ ।

२२. शिक्षा विकासका लागि अतिरिक्त क्रियाकलाप, खेलकुद तथा बाल उद्यान निर्माणका कार्यलाई प्राथमिकता दिने ।

२३. यस शैक्षिक शत्र देखि स्थानीय पाठ्यक्रममा बौद्ध शिक्षा र स्थानीय शिक्षालाई कार्यान्वियन गर्दै लागिने छ

२४. बौद्ध विश्वविद्यालयको आंगिक क्याम्पस स्थापना गरी सांस्कृतिक तथा पुरातात्विक अध्ययन अध्यापन गर्ने गराउने व्यवस्थाको लागी सम्वन्धित निकायमा आवश्यक पहल गरिनेछ ।

२५. आवश्यकताको अधारमा दरबन्दी मिलान तथा विद्यालयहरुको समायोजन गरी शैक्षिक गुणस्तरमा सुधार ल्याउने नीति लिइनेछ ।

२६. स्रोत कक्षा व्यस्थापनका लागि विशेष पहल गरिनेछ ।

२७. शिक्षालाई प्रविधिसँग जोड्दै E-LIBRARY/ICT र बिज्ञान प्रयोगशाला सञ्चालन गर्ने कार्य अगाडी बढाइनेछ ।

२८. नगर क्षेत्रमा नियम संग संचालन नभएका निजि विधालय,तालिम केन्द्रहरु,कोचिङ सेन्टरहरुलाई कानुनी दायरामा ल्याई प्रभावकारी नियमनको व्यवस्था मिलाइनेछ ।

## <u>युवा तर्फ</u> :

कोरोना भाइरस (कोभिड १९) का कारणबाट विश्व समुदायनै ठुलो समस्यामा परिरहेको सर्न्दभमा हाम्रो नगरपालिका पनि यस बाट अलग रहन सक्दैन जसका कारणबाट लाखौ युवाहरु रोजगारविहिन हुनु पर्ने अवस्था रहेको छ सोको व्यवस्थापनका लागी युवाहरुमा स्वरोजगारको पहुँच बढाउन रोजगारमुलक, व्यवसायमुलक सीप, आर्यआर्जन र उद्यमशिलताका कार्यक्रमहरु संचालन गरिनेछ ।

१. युवाको साहस,सिर्जनशिलता,आत्मविश्वास,उद्यमशीलताको उच्च मूल्यांकन गर्दै शिक्षित,सीपयुक्त,अनुशासित र उद्यमशील युवा शक्तिलाई नगरको मानवीय पूँजीको रुपमा स्वीकार गर्दै नगरको समग्र विकासमा परिचालन गर्ने नीति लिइनेछ ।

२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा नगरको प्रतिष्ठा बढाउन योगदान पुऱ्याउने युवा र युवाको क्षेत्रमा उत्कृष्ट काम गर्ने संस्थालाई सम्मान एवं पुरस्कृत गरिने साथै युवाहरुको क्षमता विकास तथा प्रष्फुटनका लागि युवा परिचालन कार्यक्रकम संचालन गरिनेछ ।

३ युवा केन्द्रित लैङ्गिक समानता र सशक्तिकरण,लागुऔषध दुर्व्यसन,सकारात्मक सोच,मनोसामाजिक परामर्श जस्ता कार्यक्रम संचालन गर्ने नीति लिइनेछ ।

४. खेलकुद,सामाजिक विकास,वातावरण संरक्षण,विपत तथा प्रकोप व्यवस्थापन, सामाजिक तथा आर्थिक रुपान्तरण लगायतका क्षेत्रमा स्वयंसेवकको रुपमा युवाहरु परिचालन गरिनेछ ।

५. युवाहरुलाई सुरक्षित बैदेशिक रोजगार सम्बन्धि सचेतनामुलक कार्यक्रमहरु संचालनको प्रवन्ध मिलाइनेछ ।

६. युवा क्लवहरुको गठन तथा संचालन कार्यलाई थप व्यवस्थित गरिनेछ ।

७. नगर क्षेत्र भित्र हुने विसंगती विकृती रोक्ने कार्यका लागि लागु औषध दुर्व्यसनी सम्बन्धि परार्मश र परार्मश केन्द्र सँग सहकार्य गर्दै लागु औषध तथा दुर्व्यसनीका कार्यक्रमलाई संचालन गरिनेछ ।

## खेलकुद तर्फ :

**"राष्ट्रका लागी खेलकुद,स्वास्थ्यका लागी खेलकुद"**भन्ने नारालाई अनुसरण गर्दै यस

कपिलवस्तु नगरपालिका क्षेत्रभित्र खेलकुदको माध्यमबाट समाजमा अनुशासन र सामाजिक सदभाव कायम राखी युवाहरुलाई धुम्रमान, मध्यपान, लागु पदार्थ दुर्व्यसनको कुलतबाट जोगाई शारीरिक तथा मानसिक विकास गरी सक्षम, अनुशासित र सुसंस्कृत समाजको निर्माणको निमित्त कपिलवस्तु नगरपालिका क्षेत्रभित्र खेलकुदमा स्वच्छ प्रतिस्पर्धाको भावना जागृत गराई परिश्रम र परिवर्तन प्रति सचेत स्वस्थ नागरिक बनाउनको लागि विभिन्न तालिम तथा खेलकुद सम्बन्धी प्रतियोगीताहरु सञ्चालन गरी सबै किसिमको खेलकुद आयोजना गर्न तथा स्थानीय, प्रदेश, राष्ट्रिय तथा अर्न्तराष्ट्रिय स्तरमा हुने खेलकुद प्रतियोगितामा कपिलवस्तु नगरपालिकाको उपयुक्त सहभागिता र खेलकुदको विकास गर्न आवश्यक नीति लिइनेछ ।

१ .खेलकुद विकासको गुरुयोजना निर्माण गरी आवश्यक कार्यक्रम अगाडी बढाइनेछ ।
२ .खेलकुद क्षेत्रको विकास र विस्तारमा योगदान पुर्‍याउने तथा उत्कृष्ट खेल कौशल प्रदर्शन गर्ने व्यक्तिलाई प्रोत्साहन गरिनेछ ।
३ .क्रिकेट फुटवल तथा भलिबिलको नगर स्तरीय टीम निर्माणका लागी खेलाडी छनौट र प्रशिक्षण कार्यत्रमको व्यवस्था मिलाइनेछ, साथै नगरभित्रका फुटबल मैदान,क्रिकेट ग्राउण्ड,भलिबल ग्राउण्ड,कवर्ड हल लगायतका संरचनाहरुको उचित व्यवस्थापन गरिनेछ ।
४ राष्ट्रपति रनिङसिल्ड,मेयर कप लगायतका नगरस्तरीय खेलकुद कार्यक्रमलाई थप व्यवस्थित तरिकाले संचालन तथा निरन्तरता दिईनेछ ।
५. खेलकूदको माध्यमबाट स्वरोजगार सृजना गर्ने नीति लिईने छ ।

## स्वास्थ्य तर्फ

गुणस्तरीय स्वास्थ्य सेवामा आम नगरबासीको पहुच सुनिश्चित गरीनेछ ।

**स्वास्थ्य चौकी तर्फ**

१. नगरपालिकाका सम्पूर्ण वडाहरुलाई पूर्ण खोप घोषणा गर्न तथा पूर्ण खोप वडालाई खोप दिगोपना गरीने छ
२. बाल स्वास्थ्यको बिद्धमान अवस्था बाट उत्कृष्ठता ल्याउन खोप तथा पोषण कार्यक्रमलाई विशेष प्राथमिक्ता दिईनेछ ।
३. नगरपालिकामा पोषणको अवस्थामा सुधार ल्याउने निति लिईनेछ ।
४. सुरक्षित मातृत्व तथा आमा सुरक्षा कार्यक्रमलाई विशेष प्राथमिक्ता दिईनेछ ।
५. सबै स्वास्थ्य संस्थाहरुको भौतिक अवस्था र आपुर्ति व्यवस्थालाई सुदृढिकरण गरिनेछ ।
६. नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुमा प्रयोगशालाको सुविधा क्रमश: बिस्तार गरिनेछ ।
७. महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन गर्ने तथा आमा समुहलाई सुदृढिकरण गरिनेछ ।
८. माहामारी रोग नियन्त्रणका लागी बिशेष प्रभावकारी रणनिति अवलम्बन गरीनेछ ।
९. नगरपालिकाका बिभिन्न स्थानमा आवश्कता अनुसार बिशेषज्ञ स्वास्थ्य शिविरको आयोजना गरीनेछ ।
१०. जनस्वास्थ्य सम्बन्धि राष्ट्रिय तथा स्थानिय स्तरका कार्यक्रमहरुलाई प्रभावकारी तथा गुणस्तर युक्त कार्यान्वियनमा जोड दिईनेछ
११. स्वास्थ्य चौकीहरुमा तथ्याङ्क गुणस्तरमा जोड दिईनेछ ।
१२. एच.आई.भि., क्षयरोग, कुष्ठरोग तथा नसर्ने प्रकृतिका रोगहरुको परिक्षण तथा न्यूनिकरण गर्ने निति लिईनेछ ।
१३. आमा तथा शिशु स्याहार कार्यक्रमलाई प्रोत्साहित गर्ने नीति लिईने छ ।
१४. महिला स्वास्थ्य स्वयमसेविकाको पहिचानको लागि पहिचान बोर्ड र फस्ट एड बक्स बितरण गर्ने नीति लिइने छ ।

## बहुक्षेत्रीयपोषण योजना(MSNP) नीति

१. यस नगरपालिकामा महिला, किशोरी र बालबालिकामा हुने कुपोषणको अबस्थामा सुधार ल्याउने उद्देश्यका साथ बहु क्षेत्रीयपोषण योजनालाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने छ ।
२. नेपालका महिला, किशोरी र बालबालिकामा हुने कुपोषणको अबस्थामा सुधार ल्याउने उद्देश्यले नेपाल सरकारको प्राथमिकतामा रहेको बहु क्षेत्रीयपोषण योजना कार्यान्वयनलाई यस नगरपालिकाले उच्च प्राथमिकतामा राख्ने छ । सोही अनुरुपआ.ब.को २०७७०७८ को लागि नेपाल सरकारबाट प्राप्तहुने बजेट र यस नगरपालिकाले छुट्याएको समपुरक रकम समेतलाई क्षेत्र गतबिनियोजन गरी पोषण सुधारको लागि तोकिएको क्रियाकलापमा खर्च गरीने छ ।
३. बहुक्षेत्रीय पोषण योजनाले निदृष्ट गरेका उपलब्धी तथा प्रतिफल प्राप्तीको लागि बिषयगत शाखा र साझेदार निकायहरुसंग मिलेर पोषण लक्षित र सम्वेदनशिल क्रियाकलाहरु सन्चालन गरिनेछ ।
४. महिला बालबालिका लक्षित कार्यक्रम जस्तैः बालपोषण अनुदान, खोप कार्यक्रम, बाल मैत्री स्थानीय शासन आदिमा समेत बहुक्षेत्रीय पोषण योजनालाई समाबेश गर्दै पुर्ण पोषण मैत्रि वडा हुदै नगरलाई नै पुर्ण पोषण मैत्रि नगर घोषणातर्फ उन्मुखगर्ने निती लिएको छ र यस आ.व.बाट सो कार्यको सुरुवात गर्दै लगिने छ ।
५. सवै स्तरमा बहुक्षेत्रीय पोषण योजना तर्जुमा गरी त्यसको प्रभावकारी कार्यान्वयन तथा अनुगमन, सुशासन र पारदर्शिताको सुनिश्चितता गरिनेछ ।

## महिला, बालबालिका तथा ज्येष्ठ नागरिक एवम लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण सम्बन्धी नीति

१. मानवीय मूल्य र मान्यतालाई आत्मसाथ गरी मानव सभ्यता र संस्कृतिहरुको प्रवर्धन गर्दै, सरल जीवन शैली र पद्धतिको धरातलमा मानवताको सहर कपिलवस्तु नगर बनाउने लक्ष्यका साथ अभियान तथा कार्यक्रमहरु संचालन गरिने छ ।
२. लैंगिक हिंसा न्यूनिकरण सम्वन्धि कार्यक्रम संचालन गर्ने ।
३. बालविवाह , दाइजोप्रथा, महिला हिंसा प्रवृतिलाई न्यूनिकरण गर्न विशेष कार्यक्रम संचालन गरिनेछ ।
४. लैंगिक मैत्री, अपांग मैत्री, ज्येष्ठ मैत्री नगर वनाउने अभियान संचालन गरिनेछ ।
५. महिला आदिवासी जनजाती , दलित, मधेशी, मुस्लिम तथा पिछडा वर्ग एवम तेस्रो लिङ्गी लगाएतका लक्षित वर्ग र समुदायलाई सशक्तिकरणका माध्यमबाट मूलप्रवाहमा ल्याइने छ ।

६. महिला, आदिवासी जानजाती, मधेशी , मुस्लिम, पिछडावर्ग, दलित, तेस्रो लिङ्गी आदि लक्षितवर्गको कार्यक्रम गर्दा त्यस्ता वर्गका विपन्न जनताको आय आर्जन, सीप विकास र क्षमता अभिवृद्धिमा जोड दिइनेछ ।
७. यस नगरपालिका क्षेत्रभित्र सञ्चालन गरिने प्रत्येक विकास निर्माण , श्रोत साधानको वितरण र अन्य क्रियाकलापहरुमा लैंगिक समानता तथा सामाजिक समावेशिकरणको नीतिलाई प्रभावकारी रुपमा अवलम्वन गर्दै लगिनेछ ।
८. अपांग मैत्री संरचना निर्माणमा जोड दिईनेछ ।
९. अपांगता सहायक सामाग्री निर्माण तथा व्यवस्थापन गर्ने नीति अवलम्वन गरिनेछ ।
१०. ज्येष्ठ तथा अपांग परिचय पत्र सहजरुपमा वितारण गरिनेछ ।
११. अपांगता सम्बन्धि विशेष कक्षा सञ्चालन गरिनेछ जसले गर्दा उनिहरुलाई उत्प्रेरणा जगाउन मदत पुग्नेछ ।
१२. गर्भवती अवस्था तथा सुत्केरी अवस्थामा रहेका महिलाहरुका लागि लक्षित कार्यक्रम गरिनेछ ।
१३. नगर अपांग समन्वय समितिको वैठक व्यवस्थापन तथा खाजा व्यवस्थापन गरिनेछ ।
१४. बालबालिका सम्वन्धी नीति २०७७ र बालमैत्री स्थानीय शासन तथा बाल अधिकार संरक्षण कार्यबिधि २०७७ को निर्माण गर्ने नीति लिइने छ ।
१५. कपिलवस्तु नगरपालिकालाई बालमैत्री नगरपालिका बनाउने नीतिलाई निरन्तरता दिइनेछ ।

## बन वातावरण तथा विपद व्यवस्थापन नीति

### वन

- एक नेपाली एक फलफुल विरुवा रोपण अभियानलाई निरन्तरता दिने नीति अवलम्बन गरिनेछ ।
- यस नगरपालिका क्षेत्रभित्रका परती जग्गाहरु पहिचान गरि संरक्षण गर्नुका साथै वृक्षारोपण कार्य समेत गरिनेछ ।
- सरकारी निकाय,गैरसरकारी संस्था,सामुदायीक वन तथा नागरिकको संलग्नतामा सडक किनारमा वृक्षारोपण गरी हरियाली प्रबर्धन गर्ने नीति अवलम्बन गरिनेछ ।
- वातावरणमैत्री स्थानीय शासनअवलम्बन गरेको हुनाले पुर्वाधार विकास निर्माणमा समेत वातावरणमैत्री सुचकलाई मध्येनजर राखी कार्यन्वयन गरिनेछ ।
- पोखरीको सौन्दरिकरण गर्नमा प्रोत्साहन गरिनेछ ।

### विपद व्यवस्थापन

१. आपतकालको लागि विपद व्यवस्थापन कोषलाई निरन्तरता दिने ।
२. दमकल सेवालाई नियमित तथा प्रभावकारी रुपमा संचालन गर्ने ।
३. नगरपालिका क्षेत्रभित्र मानविय एवं प्राकृतिक कारणले हुने विपद्को जोखिम न्यूनिकरण गर्न पूजिगत बजेटको कम्तिमा एक प्रतिशत रकमको व्यवस्था सहित एक विपद व्यवस्थापन कोष स्थापना गर्न पहल गरिने र खासगरी गर्मी एवं वर्षा मौसममा आउनसक्ने विपद्हरु (आगोलागी, बाढी, चट्याङ, महामारी) को न्यूनिकरणको लागी जनचेतना अभिवृद्धि गर्ने र त्यस्ता प्राकृतिक प्रकोपबाट बच्नको लागी स्थानीय जनताहरुको संलग्नतामा विभिन्न प्राकृतिक प्रकोप न्यूनिकरण कार्यक्रम कार्यान्वयन गर्ने नीति अवलम्बन गरिनेछ ।
४. सर्पको टोकाईबाट हुने मानवीय क्षतिलाई न्यूनिकरणगर्न गोरुसिंङ्गेमा रहेको सर्प दंश उपचार केन्द्र संग सहकार्य र समन्वयमा कार्य गर्ने ।
५. विपद तथा जोखिमबाट बच्नका लागि नगरपालिका क्षेत्र भित्र उपयुक्त खुला क्षेत्रको पहिचान गरिनेछ ।

### फोहरमैला व्यवस्थापन

१. नगर सरसफाईको कार्य नगरपालिकाको निगरानीमा गर्दै सरकारी र निजी क्षेत्रको सहकार्यलाई जोड दिने नीति लिइनेछ ।
२. फोहरमैला ब्यवस्थापनको दिगोपनाकोलागी यस आ.व.मा बायोग्यास उत्पादनकालागी गुरुयोजना तयार गरी कार्यन्वयनमा ल्याउने
३. दैनिक फोहोर मैला संकलन कार्यको कार्यक्षेत्र ग्रमाणि क्षेत्रमा समेत विस्तार गर्दै सरसफाईलाई प्रभावकारी बनाउन सप्ताह व्यापी विशेष कार्यक्रमहरु संचालन गरिनेछ ।
५. सरसफाईलाई प्रभावकारी बनाउन अनुगमन तथा मुल्यांकन कार्यलाई निरन्तरता प्रदान गर्दै नगरको सरसफाईमा विशेष योगदान पुऱ्याउनेलाई पुरस्कार तथा फोहोर गर्नेलाई दण्ड जरिवाना तथा सजाय गर्ने नीति अवलम्वन गरिनेछ ।
६. आवश्यकताको आधारमा फोहरमैला व्यवस्थापनमा उत्कृष्ट स्थानको अन्तर्देशीय भ्रमण समेत गर्ने नीति लिइनेछ ।
७. प्लाष्टिकजन्य वस्तु तथा पदार्थको नियन्त्रण तथा प्रयोगमा न्युनिकरण गर्दै लैजाने नीति अवलम्वन गर्ने ।
८. फोहरलाई मोहरमा रुपान्तरण गर्न कुहिने फोहरवाट कम्पोष्ट मल उत्पादन गर्ने तथा वैकल्पिक उर्जा समेत उत्पादन गर्न वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसंग सहकार्य गर्दै जाने ।
९. फोहरमैला नियन्त्रण निर्देशिका तयार गरी कार्यान्वयन गर्ने ।
१०. फोहर विसर्जन स्थलको लागि नजिकका छिमेकी स्थानीय तहहरुसंग समन्वय सहकार्य गरि जाने ।
११. ढल निकासको गुरुयोजना बमोजिम उचित व्यवस्थापनको लागि आवश्यक पहल गरिनेछ ।
१२. नगर सुन्दरिकरण गर्न व्यवस्थित पार्किंग व्यवस्था, जेव्रा क्रसिंग,ट्राफिक संकेतका वोर्डहरु, हरियाली प्रवर्द्धन र फुटपाथ क्लियरिंग जस्ता कार्यक्रम संचालनमा प्राथमिकता दिइनेछ ।
१३. वास योजना निर्माणको चरणमा रहेको हुदा योजनाले निर्दिष्ट गरेका कार्यक्रमलाई कार्यन्वयनमा ल्याइनेछ ।

### बजार अनुगमन

१. यस नगरपालिकाको बजार अनुगमन निर्देशिका बमोजिम उपभोक्ता संरक्षण हित समिती तथा बजार अनुगमन समिती गठन गरी सो समितीलाई सक्रिय बनाउने, उपभोक्ता हित संरक्षणकालागि आवश्यकता अनुशार ब्यवसायीहरुलाई नसिहत ,दण्ड,जरिवाना तथा राम्रो सेवा प्रदान गर्नेलाई पुरस्कृत गर्ने नीति अवलम्बन गरिनेछ ।

२.	यस नगरपालिका भित्र संचालन भएका सम्पुर्ण व्यवसायहरुलाई यस आ.व. भित्र दर्ता गर्ने, नीति अवलम्बन गरिनेछ ।

३.	यस नगरपालिकाको बजार अनुगमन निर्देशिका बमोजिम बजार अनुगमन कार्यक्रम संचालनका लागी आवश्यक बजेट बिनियोजन गर्ने नीति अवलम्बन गरिनेछ ।

## सुशासन तथा संस्थागत विकास नीति

## संस्थागत, विकास तथा सेवा प्रवाह नीति

**मानव संशाधन विकास नीति :**

- संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले पठाएको संगठन संरचना अनुरुप यस आ.व. को शुरुवात संगै शाखा तथा उपशाखा गठन गरी सेवा प्रवाह लाई प्रभावकारी बनाइनेछ ।
- नगरपालिकाका गतिविधि र सूचनाहरु प्रगति प्रतिवेदन, स्थानीय पत्रपत्रिका, रेडियो टेलिभिजन तथा नगरपालिकाको वेवसाइट र सामाजिक सञ्जाल मार्फत प्रकासन र प्रसारण गरिनेछ ।
- नगरपालिकाको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन आवश्यक पर्ने सफ्टवेयरको निर्माण, वडा तथा नगरपालिकाका कर्मचारी र जनप्रतिनिधिहरुको लागि क्षमता विकास तालिम एंव संगठनात्मक अध्ययन लगायत आवश्यक संस्थागत सुधार गरिनेछ ।
- कर्मचारी व्यवस्थापन सर्भेक्षण (O&M) तयार पारी सोही बमोजिम दरबन्दी तयार गरिनेछ ।
- वडा कार्यालयहरुबाट प्रदान गरिने सेवा प्रवाहलाई अझ बढी प्रभावकारी बनाउन कम्प्यूटर पद्धतिबाट कार्य गर्न जोड दिइनेछ ।
- नगरपालिका तथा वडाका कर्मचारीहरुलाई कम्प्यूटर तथा इन्टरनेट, इमेलको उचित प्रयोग सम्बन्धी आवश्यक तालिम संचालन गरिनेछ ।
- कर्मचारी प्रशासनमा दण्ड र पुरस्कारको नीतिलाई अझ बढी प्रभावकारी बनाउदै लगिनेछ ।
- वडा स्तरमा नागरिक वडापत्रको व्यवस्था गरिनेछ ।
- कर्मचारी अभिलेख प्रणालीलाई सुदृढिकरण गरिनेछ ।
- व्यक्तिगत घटना दर्ता विवरणलाई अद्यावधिक गर्दै जाने र १२ वटै वडामा कार्यक्रमहरु संचालन गरिनेछ ।
- कर्मचारीहरुको कार्यसम्पादन अभिवृद्धि गरी उच्च मनोवलका साथ काम प्रति समर्पित गराउन स्थानीय भत्तालाई कार्य सम्पादनमा आधारित गराउँदै लैजाने नीति लिईनेछ ।
- यस नगरपालिका र नगरपालिका क्षेत्रभित्र नगरपालिका मातहत रहने/रहेका सवै सरकारी निकायहरुको संस्थागत क्षमता अभिवृद्धिका लागी आवश्यक भौतिक श्रोत साधन उपलव्ध गराउने र आधुनिक सूचना प्रविधिमैत्री बनाउदै लगिनेछ ।
- कार्यालयको मर्मत सम्भार रंगरोगन,पार्क सुन्दरीकरण मिटिङ्ग हल मर्मत व्यवस्थापन लगायतका कार्यहरु गर्दै जाने ।
- यस नगरपालिका, नगरपालिका मातहतका सबै सरकारी एवं अर्ध सरकारी निकायहरुबाट प्रवाह गरिने सेवालाई निश्चित मापदण्ड तयार गरी सो मापदण्डका आधारमा सूचना मैत्री प्रविधिको प्रयोग गरी छिटो, छरितो, चुस्त, दुरुस्त एवं पारदर्शी रुपमा प्रवाह गर्ने नीति अख्तियार गरिनेछ । साथै नागरिकवडापत्रलाई अद्यावधिक तथा डिजिटलाईज गरि वडा स्तरमा समेत सेवा प्रभाव गरिनेछ ।
- सबै कर्मचारीहरुको काममा जागरुकता ल्याई जवाफदेही बनाउने ।
- सेवाग्राहीहरुलाई सही सूचना प्रदान गरि कामकाजमा सहयोग पुऱ्याउने ।
- यस नगरपालिकाका सबै वडा कार्यालयमा लेण्डलाईन टेलिफोन तथा इन्टरनेटको सहज पहुच पुऱ्याउन आवश्यक व्यवस्थाका लागी पहल गरिनेछ ।
- सुचनाको हक सम्बन्धी ऐन, २०६४ को प्रावधानलाई कार्यान्वयन गर्दै लैजाने ।
- जनताको सहजताको लागि कार्यालयमा सूचना प्रसारण गरि कार्य प्रकृयालाई सहजता बनाउने ।
- सुशासन र पारदर्शितालाई मध्यनजर राख्दै नागरिकको गुनासो सम्वोधन गर्न र सुझावका लागि हट लाइनको व्यवस्था गर्ने नीति लिइनेछ ।
- नगरपालिकावाट हुने तालिम गोष्ठी वैठक तथा अनुगमनका दररेटहरुको नर्म्स तयार गरि कार्यान्वयन गरिनेछ
- हरेक वडामा सुझाव पेटीका राख्ने व्यवस्था गरिनेछ ।
- नगरपालिकावाट हुने तालिम गोष्ठी जस्ता कार्यक्रम संचालनका लागि लागत सहभागिता गर्नेलाई प्राथमिकता दिइनेछ ।

## सूचना तथा संचार प्रविधि नीति

- यस नगरपालिकालाई सूचनामैत्री बनाउने नीति लिइनेछ ।
- कपिलवस्तु नगरपालिकाको सम्पूर्ण सूचना तथा समाचार नगरपालिकाको बेवसाइट, फेसबुक पेज ट्वीटर मार्फत सार्वजनिक गरि सूचना पाटीमा समेत राख्ने नीति लिइनेछ ।
- अनलाइन घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन प्रणाली सम्बन्धी सम्पूर्ण वडाका कर्मचारीलाई तालिम दिई अनलाइन घटना दर्ता शुरु गर्ने ।
- नगरपालिकाको सम्पूर्ण सुचना तथा जानकारी जनतामा सहज र सुलभ तरिकाले पुऱ्याई सुचनामा जनताको प्रत्यक्ष पहुच तथा सहभागीताको नीति लिइनेछ ।
- नगरपालिकाबाट वडा तथा वडाबाट नगरपालिकामा आदानप्रदान गरिने सम्पूर्ण चिठीपत्र डिजिटल प्रविधि अर्थात इमेल मार्फत गरिनेछ ।
- जेष्ठ नागरिक, अपाङ्ग असहाय व्यक्तिहरुमा सम्पूर्ण सुचना सहज तथा सुलभ तरिकाले पुऱ्याउने नीति अवलम्बन गरिनेछ
- सुचना तथा संचार प्रणालीमा एक रुपता तथा पारदर्शिता सुनिश्चित गरिनेछ ।

- यस नगरपालिकामा अवस्थित ऐतिहासिक, पुरातात्विक, पर्यटकीय तथा धार्मिक स्थलहरुको स्थानीय तहबाट प्रचारप्रसार गर्ने र ठाउँ-ठाउँमा उक्त स्थानहरुको फोटो सहितको होडिङ्ग बोर्ड राखि उक्त स्थान सम्म जाने बाटोको चित्रण गरि पार्यटकीय क्षेत्रमा सहयोग पुऱ्याउने नीति लिइनेछ ।

## विधायन नीति

१. नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४ मा भएको व्यवस्थाहरुको कार्यान्वयनका लागि कपिलवस्तु नगरपालिकालाई प्राप्त भएको अधिकार क्षेत्र भित्र रहि विभिन्न ऐन, कानून, कार्यविधि, नियमावली तथा निर्देशिका बनाउने ।

२. ऐन, कानून, कार्यविधि, नियमावली तथा निर्देशिका बनाउनका लागि सो संग सम्बन्धित विशेषज्ञबाट अध्ययन अनुसन्धान, परामर्श गर्न आवश्यक बजेट विनियोजन गरि कार्यान्वयनमा लैजाने ।

## आर्थिक वर्ष २०७६/०७७ को योजना तथा कार्यक्रम सम्बन्धमा

- विगत चार महिना देखि बर्तमान समय सम्म कोभिड १९ का कारण विशेष परिस्थिति सृजना भई आर्थिक वर्ष २०७६/०७७ का योजना तथा कार्यक्रमहरु पूर्ण रुपमा कार्यन्वयन हुन नसकेको अवस्थाले चालु आ.व. को मौज्दातको एकिन गरि अगामी वर्षको को वार्षिक कार्यक्रममा समावेश गरि निरन्तरता दिने ।